# स्थानीय राजपत्र

**सैनामैना नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित**

**खण्ड ९) सैनामैना नगरपालिका, २०८२/०३/..... साल (संख्या .....**


**भाग–२**

## सैनामैना नगरपालिका, रूपन्देही

## कार्यविधिको नाम: सैनामैना नगरपालिकाका सामुदायिक विद्यालयका शिक्षक तथा विद्यालय कर्मचारी छनोट कार्यविधि, २०८२

प्रस्तावना:

नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको तथा सैनामैना नगरपालिकाको नगर शिक्षा ऐन, २०७४ को दफा ४ को उपदफा (झ) मा शिक्षक नियुक्ति सम्बन्धी नियम बनाउने र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी

करारमा शिक्षक नियुक्ति सम्बन्धी कार्यबिधि नगर कार्यपालिकाबाट स्विकृत गराई शिक्षक छनोट पद्धतिलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकोले सैनामैना नगर कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१.१ **संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम "**सैनामैना नगरपालिकाका सामुदायिक विद्यालयमा शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि,** २०८२" रहेको छ।

(ख) यो कार्यविधि सैनामैना नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

१.२ **अर्थ र परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **कार्यालय** भन्नाले सैनामैना नगरकार्यपालिकाको कार्यालयलाई जनाउँछ।

(ख) **इकाइ** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई जनाउँछ।

(ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले सैनामैना नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(च) **शाखा प्रमुख** भन्नाले सैनामैना नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँछ।

(ग) **शिक्षा शाखा** भन्नाले सैनामैना नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउने छ।

(ङ) **छनौट समिति** भन्नाले विद्यालयमा रिक्त रहेको दरबन्दी, शिक्षक अनुदान कोटा तथा संघीय अनुदानमा करारमा नियुक्त हुने शिक्षक, प्रशिक्षक तथा सहायक प्रशिक्षक, सैनामैना नगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकका साथै विद्यालय कर्मचारी, बाल विकास सहजकर्ता , सामुदायिक सिकाइ केन्द्रका सहजकर्ता र विद्यालयको आन्तरिक स्रोतबाट नियुक्त गर्ने शिक्षक

कर्मचारीको छनौटको परीक्षा संचालन तथा नियुक्तिको सिफारिस गर्ने प्रयोजनका लागि यस कार्यविधिको परिच्छेद २, बुँदा नं. २.२ को खण्ड क, ख र ग बमोजिम गठन भएका छनोट समितिहरुलाई जनाउँछ।

(च) **विषय विज्ञ** भन्नाले आधारभूत तह र माध्यमिक तहसम्म शिक्षक छनोटसम्बन्धी परीक्षा सञ्चालनका लागि शिक्षा विकास तथा समन्वय ईकाईमा सूचिकृत विषय विज्ञ र उक्त सूचिमा सूचिकृत नभएका विषयको हकमा सैनामैना नगरपालिकाले त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसहरुमा कार्यरत स्थायी प्राध्यापक/ उपप्राध्यापक/सहायक प्राध्यापकहरुको नामावली संकलन गरी तयार गरेको सूचि समेतलाई जनाउँछ।

(छ) **प्रश्नपत्र बैङ्क** भन्नाले सैनामैना नगरपालिकाले यस कार्यविधिमा उल्लेखित शिक्षक तथा विद्यालय कर्मचारी छनोट प्रयोजनका लागि प्रयोग गर्ने उद्देश्यले विषय विज्ञहरुबाट निमार्ण गर्न लगाई सुरक्षित तवरले भण्डार गरिएको प्रश्नहरूको सँगालोलाई जनाउने छ।

(ज) **शिक्षा ऐन** भन्नाले शिक्षा ऐन २०२८ (संशोधनसहित) लाई जनाउँछ।

(झ) **शिक्षा नियमावली** भन्नाले शिक्षा नियमावली २०५९ (संशोधनसहित) लाई जनाउँछ।

(ञ) **नगर शिक्षा ऐन** भन्नाले सैनामैना नगरपालिकाको नगर शिक्षा ऐन २०७४ (संशोधनसहित) लाई जनाउँछ।

(ट) **आयोग** भन्नाले शिक्षक सेवा आयोगलाई जनाउँछ।

(ठ) **शिक्षक सेवा आयोग नियमावली** भन्नाले शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) लाई जनाउँछ।

(ड) **कार्यपालिका** भन्नाले सैनामैना नगरपालिकाको कार्यपालिकालाई जनाउँछ।

(ढ) **नगर शिक्षक** भन्नाले सैनामैना नगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकलाई जनाउँछ।

(ण) **विद्यालय व्यवस्थापन समिति** भन्नाले शिक्षा ऐन २०२८ (संशोधनसहित) को दफा १२ बमोजिम गठित विद्यालय व्यवस्थापन समितलाई जनाउँछ।

(त) **विद्यालय** भन्नाले सैनामैना नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालय जनाउँछ।

## परिच्छेद २
## पदपूर्ति र छनोट प्रकृया

२.१ अनुमति

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी तथा शिक्षक अनुदान कोटा, साविक उच्च मा.वि. अनुदान, नगर अनुदान लगायत सबै प्रकारका संघीय अनुदानमा करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्त गर्नुपर्ने अवस्थामा विद्यालयले पद रिक्त भएको कारण जनाई विज्ञापन गर्न अनुमतिको लागि विद्यालय व्यवस्थापन समितिको निर्णयसहित रिक्त भएको मितिले १५ दिनभित्र र अनिवार्य अवकाश हुने शिक्षकको दरवन्दीमा भने अनिवार्य अवकाश हुनु भन्दा १५ दिन अगावै शिक्षा शाखामा निवेदन पेश गर्नुपर्ने छ। शिक्षा शाखाले उक्त निवेदन अध्ययन गरी विद्यमान ऐन, नियम र शिक्षा नियमावलीको अनुसूची -१२ को व्यवस्था बमोजिम विषय समेत हेरी विज्ञापन गर्न अनुमति दिनेछ।

(ख) विद्यालयले अनुमति प्राप्त भएको मितिले सात दिन भित्र १५ दिनको समयावधि तोकी विज्ञापनको सूचना प्रकाशन गर्नुपर्ने छ। खण्ड (ख) बमोजिमको सूचना प्रकाशन भएकै दिन सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र नगरपालिकाको सूचना पाटिमा टाँस गर्नुका साथै कम्तिमा कुनै एक राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुका साथै सूचनाको एक प्रति नगरपालिकाको शिक्षा शाखामा बुझाउनुपर्ने छ। पत्रिकामा

विज्ञापन प्रकाशन भएको मितिलाई नै विज्ञापनको मिति मानिने छ।

यसरी विज्ञापन गर्दा शिक्षक सेवा आयोगले प्रकाशन गरेको करार योग्यताक्रम सूचिका उम्मेद्वारबाट पदपूर्ति हुन सक्ने पदहरुमा उनीहरुले आवेदन दिन सक्ने र यसरी आवेदन दिएमा करार योग्यताक्रम सूची मध्ये माथिल्लो योग्यताक्रमको उम्मेद्वारलाई नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था समेत खुलाई विज्ञापन गर्नुपर्ने छ।

(ग) विज्ञापन बमोजिम रितपूर्वक दरखास्त संकलन भईसकेपछी सो को विवरण सहित विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णय सहित शिक्षक छनोटको लागि परीक्षा लिईदिन अनुरोध गरी नगरपालिकाको शिक्षा शाखामा पत्राचार गर्नुपर्ने छ।

(घ) नगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षक तथा कर्मचारीको विज्ञापन प्रकृया नगरपालिकाको नियमानुसार हुने छ।

(ङ) शिक्षक पदका उमेद्वारको योग्यता र अयोग्यता सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधनसहित) ले व्यवस्था गरे बमोजिम हुने छ।

## २.२ शिक्षक छनौट समिति सम्बन्धी व्यवस्था

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको करार दरबन्दी, राहत, संघीय अनुदान तथा साविक उच्च माध्यमिक तहको शिक्षक छनोटको परीक्षा समिति देहाय बमोजिम हुने छ।

(अ) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- संयोजक

(आ) शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा निजले तोकेको शिक्षा शाखाको अधिकृत स्तरको कर्मचारी- सदस्य

(इ) गोलाप्रथाद्वारा छनौट गरिएको सम्बन्धित विषयको विज्ञ दुई जना- सदस्य

(ई) सम्बन्धित विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

(ख) सैनामैना नगरपालिकाको आन्तरिक अनुदान बाट तलब भत्ता खाने गरी नियुक्त हुने  नगर अनुदान शिक्षक तथा सामुदायिक सिकाई केन्द्रका सहजकर्ताको नियुक्ति तथा सिफारिस गर्नको लागि छनोट समिति देहाय बमोजिम हुने छ।

(अ) प्रमुख प्रशासकीय अधिकृतः संयोजक
(आ) शिक्षा शाखा प्रमुखः सदस्य
(इ) कर्मचारी प्रशासन शाखा प्रमुखः सदस्य
(ई) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य
(उ) शिक्षा शाखाको अधिकृतस्तरको कर्मचारीः सदस्य सचिव

(ग) विद्यालयमा रिक्त रहेको विद्यालय कर्मचारी, बाल बिकास शिक्षक तथा विद्यालयको आन्तरिक स्रोतबाट नियुक्त गरिने शिक्षक, कर्मचारीको छनौट समिति देहाय बमोजिम हुने छ।

(अ) संयोजकः विद्यालय व्यवस्थापन समिति अध्यक्ष
(आ) सदस्यः शिक्षा शाखा प्रमुख वा निजले तोकेको सम्बन्धित शाखाको अधिकृतस्तरको कर्मचारी
(इ) सदस्य-सचिवः प्रधानाध्यापक

## २.३ परीक्षा केन्द्र सम्बन्धी व्यवस्था

(क) यस कार्यविधि बमोजिम संचालन हुने सबै प्रकारको जनशक्ति छनोटको परीक्षा केन्द्र सैनामैना  नगरकार्यपालिकाको कार्यालयमा वा शिक्षा शाखाले तोके बमोजिम रहने छ।

(ख) परीक्षा केन्द्रको केन्द्राध्यक्ष र निरीक्षक शिक्षा शाखाले तोकेबमोजिम हुने छ।

(ग) परीक्षा हलभित्र केन्द्राध्यक्ष, निरीक्षक वा शाखाबाट खटाईएका कर्मचारी र यस कार्यविधिको परिच्छेद ६, बुँदा नं. ६.१ को अनुगमनका पदाधिकारीबाहेक अन्य व्यक्तिहरु अनुमति विना प्रवेश गर्न पाउने छैनन।

**२.४ पाठ्यक्रम सम्बन्धी व्यवस्था**

(क) शिक्षक पदमा नियुक्तिको लागि सञ्चालन गरिने परीक्षाको पाठ्यक्रम र परीक्षा शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम हुने छ।

(ख) विद्यालय कर्मचारी, बाल विकास सहजकर्ताको परीक्षाको पाठ्यक्रम शिक्षा, युवा तथा खेलकुद शाखाले निर्धारण गरे बमोजिम हुनेछ र सो निर्धारण नहुँदा सम्मको लागि संघीय शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम १४४ (ख) बमोजिम हुने छ।

## परिच्छेद ३
## विषयविज्ञ छनोट तथा प्रश्नपत्र निर्माणसम्बन्धि व्यवस्था

**३.१ विषयविज्ञ छनोटसम्बन्धी व्यवस्था**

(क) संघीय अनुदानमा नियुक्त हुने शिक्षक छनोट गर्ने प्रयोजनको लागि विषय विज्ञको व्यवस्था शिक्षा विकास तथा समन्वय इकाइमा सूचिकृत विषय विज्ञ र उक्त सूचिमा सूचिकृत नभएका विषयको हकमा सैनामैना नगरपालिकाले त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसहरुमा कार्यरत स्थायी प्राध्यापक/उपप्राध्यापक/सहायक प्राध्यापकहरुको नामावली संकलन गरी तयार गरेको सूचिबाट परीक्षा संचालन हुने दिन बिहानमात्र शिक्षा शाखा प्रमुख तथा सम्बन्धित विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकको उपस्थितिमा गोला प्रथाद्वारा २ जना छनोट गरिने छ।

(ख) नगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकको छनोट परिक्षाको विषय विज्ञ इकाइमा सूचिकृत विज्ञमध्येबाट शिक्षा शाखा प्रमुखको समुपस्थितिमा गोला प्रथाबाट २ जनासम्म छनोट गरिने छ।

(ग) सामुदायिक सिकाई केन्द्रका परिचालक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारी छनोटका लागि शिक्षा शाखाले विषय मिल्ने शिक्षक वा कर्मचारीमध्येबाट एकजना विषय विज्ञ तोक्ने छ।

**३.२ प्रश्नपत्र निर्माण सम्बन्धी व्यवस्था**

छनोट परीक्षालाई व्यवस्थित बनाउनको लागि नगरपालिकाले प्रश्नपत्र बैंकको व्यवस्था गर्नेछ। सो व्यवस्था नहुन्जेलसम्मको लागि यसै कार्यविधिको दफा ३.१ बमोजिम तोकिएका विषयविज्ञहरुले स्वयं प्रश्नपत्र निर्माण गर्नेछन्। प्रश्नपत्र निर्माण लगायत विषयमा गोपनीयता कायम गर्ने जिम्मेवारी एवम् जवाफदेहिता सम्बन्धित विषयविज्ञहरुको संयुक्तरुपमा हुने छ।

(क) विषयविज्ञहरुले तोकिएको पाठ्यक्रम र विशिष्टीकरण तालिका अनुसार परीक्षा समितिमा रहने शिक्षा शाखाका कर्मचारीको रोहबरमा शाखाबाटै उपलब्ध सामग्री प्रयोग गरी प्रश्नपत्र तयार गर्नुपर्ने छ।

(ख) प्रश्नपत्र निर्माणपूर्व विषय विज्ञहरुले आफ्नो साथमा रहेको मोबाईल वा अन्य डिजिटल सामग्रीहरु बन्द गरी शिक्षा शाखाले तोकेको ठाउँमा राख्नुपर्ने छ। विषय विज्ञहरु प्रश्नपत्र निर्माण शुरु भएपछी परीक्षा संचालन नहुञ्जेलसम्म शिक्षा शाखा प्रमुख वा निजले खटाईएको कर्मचारीको प्रत्यक्ष निगरानीमा रहनुपर्ने छ। विषयविज्ञहरुले प्रश्नपत्र निर्माण कार्य शुरु गरिसकेपछि लिखित परीक्षा शुरु नहुन्जेलसम्म अनुमति बिना अन्य कसैसँग पनि भेटघाट र सम्पर्क गर्न पाउने छैनन।

(ग) शिक्षा शाखाले आवश्यकता अनुसार वस्तुगत परीक्षाको प्रश्न तथा उत्तरहरुको क्रम हेरफेर गरी अलग-अलग सेट तयार गर्न सक्ने छ।

## ३.३ उत्तरपुस्तिका परीक्षण तथा सिफारिस सम्बन्धी व्यवस्था

(क) परीक्षार्थीहरुको रोल नम्बर कायम गर्ने तथा उत्तरपुस्तिका कोडिङ गर्ने तथा सो सम्बन्धी गोपनीयता कायम गर्ने जिम्मेवारी शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको अधिकृतस्तरमा कार्यरत कर्मचारीको हुनेछ। उत्तरपुस्तिकाको परीक्षण पूर्ण जिम्मेवारी र जवाफदेहीता साथ गर्ने दायित्व विषय विज्ञको हुनेछ।

(ख) पहिलो चरणको लिखित परीक्षाको प्राप्ताङ्कको जानकारी कोडिङ गर्ने सदस्य बाहेक अरुले थाहा नपाउने गरी गोपनीयता कायम गर्ने दायित्व परीक्षा समितिको हुनेछ। अन्तर्वार्ताको मूल्याङ्कनपछि मात्र सबै सदस्यहरुले प्राप्ताङ्क हेर्न पाउने गरी डिकोङ्ग गरी अन्तिम नतिजा प्रकाशन गर्नुपर्ने छ।

(ग) सबै चरणको परीक्षामा प्राप्त अंकको आधारमा सबैभन्दा बढी अंक ल्याउने परीक्षार्थीलाई योग्यताक्रम अनुसार छनोट हुन सफल उमेद्वार र बैकल्पिक उमेद्वारको रुपमा सिफारिस गरिने छ।

(घ) छनोट हुन सफल उमेद्वार सिफारिस गरिएको मितिले सात दिन भित्र विद्यालयमा हाजिर हुन जानुपर्ने छ।

(ङ) सफल उमेद्वारलाई नियमानुसार हाजिर गराउनुपर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ।

(च) परीक्षापश्चात सम्बन्धित सम्पूर्ण कागजातहरु खामबन्दी गरी लाहाछाप लगाई सुरक्षित राख्ने दायित्व विद्यालयको हुने छ।

(छ) नतिजा प्रकाशन भएको मितिले एक वर्ष भित्र विज्ञापित पद रिक्त हुन आएमा नगर शिक्षा शाखाको पूर्व स्वीकृति लिई बैकल्पिक उमेद्वारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्त गर्नुपर्नेछ।

(ज) छनोट कार्यमा खटिने कर्मचारी र विषयविज्ञले नियमानुसार विद्यालयबाट बैठक भत्ता, परिश्रमिक तथा यातायात खर्च पाउनेछन। तर नगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकको परीक्षा संचालनको आर्थिक दायित्व सैनामैना नगरपालिकाले व्यहोर्ने छ।

## परिच्छेद ४
## करार नियुक्ति

४.१ **करारमा शिक्षक नियुक्ति** (१) यस कार्यविधिअनुसार छनोट भएको शिक्षकलाई आगामी एक शैक्षिक सत्रका लागि विद्यालय व्यवस्थापन समितिले "अनुसूची ३"मा उल्लिखित ढाँचामा करारमा नियुक्त गर्नेछ।

(२) उपदफा (१) अनुसार नियुक्त हुने शिक्षकसँग "अनुसूची " अनुसारको ढाँचामा विद्यालय व्यवस्थापन समितिसँग कार्यसम्झौता गर्नुपर्नेछ।

(३) करारमा नियुक्त भएका शिक्षकको विवरण सम्बन्धित पन्ध्र दिनभित्र शिक्षा विकास तथा समन्वय इकाई वा गाउँपालिका/ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ।

(४) शिक्षक सेवा आयोगबाट स्थायी शिक्षक नियुक्त भएमा करारमा नियुक्त भएको शिक्षक जसुकै समयमा पनि पदबाट राजीनामा दिन सक्नेछ।

४.२ **वैकल्पिक उम्मेदवारले नियुक्ति पाउने** (१) सफल उम्मेदवारले छनोट भएको मितिले सात दिनभित्र करार नियुक्ति लिइ विद्यालयमा हाजिर हुनुपर्नेछ।

(२) उपदफा (१) अनुसार सफल उम्मेदवारले करार नियुक्ति नलिएको वा नियुक्ति नगरी हाजिर नभएको वा उक्त पद एक वर्ष भित्र रिक्त भएमा वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिन सकिने छ।

## परिच्छेद ५
## पारिश्रमिक र खर्च सम्बन्धी व्यवस्था

(१) शिक्षक छनोट सम्बन्धमा हुने बैठकमा उपस्थित सदस्य तथा शिक्षक छनौट प्रक्रियामा खटिएकालाई अधिकतम ४ बैठकसम्म प्रति बैठक रु. १००० का दरले भत्ता पाइनेछ।

(२) जिम्मेवारी तोकिएका सदस्य तथा विशषज्ञहरूले प्रश्नपत्र निर्माण, प्रश्नपत्र मोडरेशन, परीक्षा सञ्चालन र व्यवस्थापन, उत्तरपुस्तिका परीक्षण, मूल्याङ्कन तथा अन्तर्वार्ता सञ्चालन र अनुगमन जस्ता कार्यको जिम्मेवारी पाएकोमा सम्बन्धित निकायले तोकेको प्रचलित नियम अनुसारको पारिश्रमिक पाइनेछ।

(३) विज्ञहरूलाई यातायात खर्च वास्तविक खर्चको आधारमा उपलब्ध गराइनेछ।

(४) आवेदन फाराम शुल्कबाट जम्मा भएको रकम सम्बन्धित विद्यालय वा नगरपालिकाले परीक्षा सञ्चालन तथा व्यवस्थापनमा खर्च गर्न सक्नेछ।

## परिच्छेद ६
## विविध

६.१ **अनुगमनः** छनोट परीक्षा लगायतका कामकारबाहीको नियमित अनुगमन प्रमुख प्रशासकीय अधिकृत र शिक्षा शाखा प्रमुखबाट हुनेछ।

**६.२ बचाउ र संरक्षण**

(क) यस कार्यविधि बमोजिम नियुक्त हुने र यस अघि नगरपालिकाबाट लिईएका शिक्षण छनोट सम्बन्धी परीक्षाबाट छनोट भई नियुक्ति पाई कामकाज गरिरहेका शिक्षकहरुको अभिलेखीकरण शिक्षा शाखाले गर्ने छ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विबिधा उत्पन्न भएमा नगर शिक्षा समितिले प्रष्ट पार्ने छ।

## अनुसूचीहरु

## अनुसूची-१

### दफा २ को उपदफा (१) को खण्ड (ग) संग सम्बन्धित

### आवेदन फाराम

- विज्ञापन नं.  सिम्बोल नं.
- तह  विषय
- दरखास्त दिने मितिः
- दरखास्त दिनेविद्यालयको नामः
- उम्मेदवारको नाम, थर (देवनागरीमा) ...............................................
- अंग्रेजी ठूला अक्षरमा ..........................................................................
- लिङ्ग : .............................................
- नागरिकता नं. ....................जारी गर्ने जिल्ला ...............जारी मिति .........
- स्थायी ठेगाना : प्रदेश ............जिल्ला..............गा.पा./ न.पा. ..............
  वडा नं. .........टोल..........सम्पर्क नं. ............... Email ....................
- बुबाको नाम, थर : ...................................पेशा : ...........................
- आमाको नाम, थर : ...............................पेशा : ...........................
- हजुरबुबाको नाम, थर : ..................................................................

**शैक्षिक योग्यता विवरण**

| तह | अध्ययन गरेको क्याम्पस | संकाय | उत्तीर्ण गरेको साल | प्रतिशत/जि पि ए/सि जि पि ए | शिक्षण अनुभव |
|---|---|---|---|---|---|
| एस.एल.सी./एस.इ.इ | | | | | |
| १०+२ | | | | | |
| स्नातक | | | | | |
| स्नातकोत्तर | | | | | |

............................

उम्मेदवारको हस्ताक्षर

## अनुसूची-२
## प्रवेश पत्र

विज्ञापन नं. ……………… सम्वोल नं. …………......

उम्मेदवारको नाम, थरः ………………………………………………………

लिङ्गः ……………

स्थायी ठेगानाः …………………………………………

उम्मेदवारको दस्तखतः …………………………..

परीक्षा केन्द्रः ………………………………………………………

परीक्षा हुने मितिः ………………………………

*<u>विद्यालयले भर्ने</u>*

करार शिक्षक छनोट परीक्षा समितिबाट लिइने परीक्षामा सहभागि हुने प्रयोजनको लागि तपाईंलाई यो प्रवेशपत्र प्रदान गरिएको छ। विज्ञापनमा तोकिएको शर्त पूरा नभएको पाइएमा यो प्रवेशपत्र बदर गरी परीक्षामा सहभागी गरिनेछैन।

प्रधानाध्यापकको नाम, थरः

दस्तखतः

विद्यालयको छापः

## अनुसूची-३
## करार नियुक्ति पत्रको ढाँचा

..........................माध्यमिक / आधारभूत विद्यालय
सैनामैना नगरपालिका
रुपन्देही

मिति : ...............

### विषय : करार नियुक्ति सम्बन्धमा

श्री ............................................
.....................................................

यस विद्यालयमा रिक्त रहेको दरबन्दीमा भएको मिति .................को विज्ञापन अनुसार .................तहको .............. विषयमा नगरपालिकाद्वारा सञ्चालित छनौट परीक्षामा छनोट भई नियुक्तिको लागि सिफारिस भई आउनु भएको तपाईंलाई यस विद्यालयको विद्यालयको व्यवस्थावन समितिको मिति ............. को निर्णय अनुसार नेपाल सरकार/लुम्बिनी प्रदेश सरकार/सैनामैना नगरपालिकाबाट निकासा भए बमोजिमको तलब भत्ता खाने गरी करारमा नियुक्ति गरिएको छ। शिक्षा ऐन तथा नियमावलीमा उल्लिखित आचारसंहिता पालना गर्दै प्र अ को मातहतमा रही कामकाज गर्नुहुन अनुरोध छ।

...................
प्रधानाध्यापक

**बोधार्थः**

१. श्री सैनामैना नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा– नियुक्ति समर्थन गरी अभिलेखीकरण गरिदिनुहुन।

## अनुसूची–४

क) विद्यालय सहयोगी, सहायक, प्रारम्भिक बालविकास शिक्षक तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालकको नियुक्तिका लागि योग्यता तथा लिखित परीक्षाको पाठ्यक्रम

**क) विद्यालय सहयोगीको पाठ्यक्रम**

| क.सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| सामान्य परीक्षा | | २० |
| विषयगत कुल | व्यक्तिगत तथा पारिवारिक सरसफाइ सम्बन्धी ज्ञान | १० |
| | नेपाली भाषा सम्बन्धी ज्ञान | १० |
| | विद्यालय सहयोगीको काम, कर्तव्य र अधिकार | १० |
| | बालमैत्री शिक्षा र व्यवहार | १० |
| | व्यवस्थापकीय पक्ष र कौशलता | २० |
| | गणित सम्बन्धी सामान्य ज्ञान | १० |
| | अंग्रेजी सम्बन्धी सामान्य ज्ञान | १० |
| | | ८० |
| जम्मा | | १०० |
| अन्तर्वार्ता | | २५ |

**ख) विद्यालय सहायकको लागि पाठ्यक्रम**

| क.सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| सामान्य परीक्षा | | २० |
| विषयगत | गणित (नाफा नोक्सान,व्याज, प्रतिशत, औसत नियम, घरायसी अंकगणित र क्षेत्रफल) | २० |
| | कम्प्युटर (परिचय, विभिन्न भागको जानकारी तथा प्रयोग) | २० |
| | विद्यालय लेखा सम्बन्धी ज्ञान तथा अभ्यास | ४० |
| | विद्यालय प्रशासन तथा व्यवस्थापन सम्बन्धी विभिन्न ऐन–नियमको जानकारी | १० |
| | विद्यालय लेखा प्रणाली (SAS), अनलाइन राजस्व, कर लगायत लेखा राख्ने ज्ञान तथा अभ्यास | १० |

| क्र.सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| | | १०० |
| | १०० (समग्र प्राप्ताङ्कमा सामान्य परीक्षाको ५०% अंक जोडिने गरी) | |
| प्रयोगात्मक | आवश्यकता अनुसार | |
| अन्तर्वार्ता | | २५ |

ग) प्रारम्भिक बालविकास शिक्षकको पाठ्यक्रम

| क्र.सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| सामान्य परीक्षा | | २० |
| विषयगत कुल | बाल मनोविज्ञान र बालमैत्री सिकाइ सहजीकरणका विधिहरू | १० |
| | विभिन्न खेल विधि र सिकाइ सम्बन्धी ज्ञान | १० |
| | भाषा र गणित सम्बन्धी ज्ञान | २० |
| | सरसफाइ, स्वास्थ्य तथा पोषण सम्बन्धी ज्ञान तथा अभ्यास | १० |
| | बालमैत्री सिकाइ सहजीकरणमा स्थानीय सामग्रीको प्रयोग सम्बन्धी व्यावहारिक ज्ञान तथा अभ्यास र सिर्जनात्मक कला | १० |
| | शिक्षक, विद्यार्थी र अभिभावक बीचको अन्तरसम्बन्ध | १० |
| | संविधान, शिक्षा ऐन, नियमावलीमा बालअधिकार र बालविकास सम्बन्धी व्यवस्था | १० |
| | जम्मा | १०० |
| अन्तर्वार्ता | | २५ |

घ) सामुदायिक सिकाइ केन्द्र सञ्चालकको पाठ्यक्रम

| क्र.सं | विषयवस्तु | पूर्णाङ्क |
|---|---|---|
| सामान्य परीक्षा | | २० |
| विषयगत कुल | नागरिक शिक्षा सम्बन्धी ज्ञान | १० |
| | भाषा र गणित सम्बन्धी ज्ञान | १० |
| | विज्ञान, प्राविधिक र सूचना प्रविधि सम्बन्धी ज्ञान | १० |

| | | |
|---|---|---|
| | सामुदायिक सिकाइ केन्द्र सम्बन्धी ज्ञान | ५ |
| | अनौपचारिक शिक्षा र सिकाइ सम्बन्धी ज्ञान | १० |
| | सरसफाइ, स्वास्थ्य तथा पोषण सम्बन्धी ज्ञान तथा अभ्यास | १० |
| | प्रौढ सिकाइ सहजीकरणमा स्थानीय सामग्रीको प्रयोग सम्बन्धी व्यावहारिक ज्ञान तथा अभ्यास र सिर्जनात्मक कला | १० |
| | समुदाय र सरोकारवालाबीचको अन्तरसम्बन्ध | १० |
| | नेपालको संविधान, प्रचलित शिक्षा ऐन तथा नियमावलीमा अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था | ५ |
| जम्मा | | १०० |
| अन्तर्वार्ता | | २५ |

नोटः

विषयगत र सामान्य परीक्षा ३ घण्टाको समयमा एकैपटक सञ्चालन हुनेछ। यस अनुसूचीमा भएको सामान्य परीक्षाका प्रश्नहरू विषयगत परीक्षाका विषयवस्तुबाट समानुपातिक रूपमा २० वटा प्रश्नहरू निर्माण गर्नुपर्नेछ।

प्रमाणीकरण मितिः २०८२/०५/......

आज्ञाले
**जीवन ज्ञवाली**
प्रमुख प्रशासकीय अधिकृत